# तनहुँको स्थानीय प्रशासनको इतिहास (वि.सं. १८३९-१९०३)

*तिलु थापा (श्रेष्ठ), पिएचडी **

**SHIKSHYA SANDESH**
A Peer-Reviewed Multidisciplinary Journal, Indexed in NepJOL
ISSN: 2645-8721 (Print)
Year 13, Vol. 6, December 2023,
pp. 7 - 13

**Published by**
Tribuvan University
Prithvi Narayan Campus
Faculty of Education
Pokhara, Nepal
E: shikshyasandesh@pncampus.edu.np
URL.: www.pncampus.edu.np

*Lecturer, University Campus, Tribhuvan University, Kritiput, Kathamandu
Corresponding Email:
*tilushrestha872@gmail.com*

**Article History**
Submitted: 5 April 2023
Reviewed: 6 August 2023
Accepted: 14 October 2023

DOI:

Copyright information:Copyright 2023 Author/s and faculty of Education, Prithvi Narayan Campus Pokhara, Nepal

This work is licensed under a Creative Commons Attribution- Non-Commercial 4.0 International License.

**सार**

*उत्तर मध्यकालमा नेपालमा साना ठूला गरी करिब ५२ ओटा राज्यहरु अस्तित्वमा थिए । यी राज्यहरु गण्डकी प्रदेशमा चौबिस वटा, कर्णाली प्रदेशमा बाइस वटा, पूर्वमा सेनहरुका तीन ओटा र उपत्यकामा मल्लहरुको तीनओटा राज्यहरु थिए । गण्डकी प्रश्रवण क्षेत्रमा पर्ने भए पनि गोरखा राज्य चौबिसी राज्यअन्तर्गत पर्दैनथ्यो । यही गोरखा राज्यको राजा पृथ्वीनारायण शाहले आरम्भ गरेको नेपाल बिजयी अभियान उनको सन्ततीहरुले पूरा गरी सिंगो राष्ट्र नेपाल निर्माण गरे । तनहुँ राज्य वि.सं. १८३९ कार्तिकमा नेपाल अधिराज्यमा एकीकरण भएको हो । तनहुँ राज्यको कमजोर प्रशासनिक व्यवस्था, मजबुत सैनिक संगठनको अभाव, राज्य संकटमा परेको समयमा जनसहभागिता जुट्न नसक्नु र तनहुँका राजाहरुले गोरखा राज्यको बढ्दो शक्ति र कुटनीतिक क्षमता चिन्न र बुझ्न नसक्नु तनहुँ राज्य पतन हुनाका प्रमुख कारणहरु हुन् । राज्य नरहेपछि तनहुँको प्रशासन सिधै केन्द्रबाट संचालन हुन थाल्यो । स्थानीय प्रशासनिक पदाधिकारी अर्थात् तालुकदारका रुपमा सेन राजाकै भारदारहरुलाई नियुक्त गरिएको पाइन्छ । यस्ता तालुकदारहरु अमाली, जिम्मावाल, मुखिया, जेठाबुढा, थरी, द्वारे आदि थिए । सेन राज्यको पतन पछि तनहुँको प्रशासनिक अवस्थासम्बन्धी विषयवस्तुहरुलाई उजागर गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको छ ।*

***विशेष शब्द*** *: सिर्तो, इजारा, थुम, मौजा, अमानत*

## विषय परिचय

संघीय नेपालको गण्डकी प्रदेश (प्रदेश नं. ४) अन्तर्गत तनहुँ जिल्ला पर्दछ । यस जिल्लाको पूर्वमा गोरखा र चितवन, पश्चिममा कास्की र स्याङ्जा, उत्तरमा लमजुङ र कास्की र दक्षिणमा पाल्पा, नवलपरासी (हाल नवलपुर) र चितवन जिल्लाहरु रहेका छन् । यस जिल्लाको क्षेत्रफल १५५१ वर्ग किलोमिटरमा फैलिएको छ, जुन नेपालको कुल क्षेत्रफलको ०.८५ प्रतिशत हुन आउँछ (श्री ५ को सरकार, सूचना विभाग, २०३१, पृ. २३१) । यो जिल्लाको पूर्व पश्चिम लम्बाई करिब ६५.५ कि.मि.छ भने उत्तर-दक्षिण चौडाइ ४३.७ कि.मि. रहेको छ । यस जिल्ला काठमाडौंदेखि १०० कि.मि. पश्चिममा र पोखरा देखि १९ कि.मि. पूर्वमा पर्दछ (नेपाल सरकार, भूमापन महाशाखा, २०४७) । पृथ्वी राजमार्गले तनहुँ जिल्लालाई बिच भागबाट चिर्दै गएको छ ।

हाल तनहुँ जिल्लामा ४ ओटा नगरपालिका र ६ वटा गाउँपालिकाहरु छन् । जसमा भानु नगरपालिका, व्यास नगरपालिका, शुक्ला गण्डकी नगरपालिका, भिमाद नगरपालिका र आँबुखैरेनी गाउँपालिका, बन्दीपुर, गाउँपालिका, देवघाट गाउँपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिका र घिरिङ गाउँपालिका रहेका छन् । त्यसैगरी नगरपालिकामा ४८ वटा र गाउँपालिकामा ३७ वटा वडाहरु रहेका छन् (नेपाल सरकार, २०७५, पृ. ५) । यस जिल्लाको सदरमुकाम दमौली हो ।

संस्कृत शब्द 'त्रितुङ्ग' बाट तनहुँको नामाकरण हुन गएको मानिन्छ । संस्कृतमा त्रितुङ्गको अर्थ उस्तै खालका तीन ओटा चुचुरा भन्ने बुझाउँदछ । तनहुँसुरमा उस्तै खालका तीन वटा चुचुराहरु छन् । प्रारम्भमा यी चचुराहरुलाई त्रितुङ्ग भनिए पनि कालान्तरमा तनुङ, तन्हौं, तनहुङ हुँदै तनहुँ भन्न थालिएको पाइन्छ (घिमिरे, २०५६, पृ. ३२) । लिच्छवी कालमा तनहुँको प्रशासन केन्द्रद्वारा प्रत्यक्ष चल्ने

देखिन्छ । त्यति बेला तनहुँ केन्द्रीय राज्यको स्थानीय एकाईका रुपमा रहेको बुझिन्छ । लिच्छवी शासकहरु कमजोर बन्दै गएपछि प्रान्तका सामन्त शासकहरु शक्तिशाली हुँदै गए । कर्णाली प्रदेशका खस मल्ल राज्य शक्तिशाली बन्दै गयो । जुम्लाको सिंजालाई राजधानी बनाएर खसहरुले राज्य गरेकाले त्यसलाई खस राज्य पनि भनिन्छ (आचार्य, २०६३, पृ. ७०) । यस राज्यको स्थापना तिब्बतको खारी प्रदेशबाट आएका नागराजले बाह्रौ शताब्दीको आरम्भतिर गरेका थिए । तेह्रौं शताब्दीमा नागराजको वंशज अशोक चल्लले आफ्ना शक्तिशाली सेना सर्वगामिनी बाहिनीद्वारा बिजय गरेर गण्डकी प्रदेशलाई सिंजा राज्य अन्तर्गत ल्याएका थिए (अधिकारी, २०४३, पृ. १३) । त्यसबेला देखि तनहुँ लगायत गोरखा, लमजुङका भूभागहरु नेपाल उपत्यकाको केन्द्रीय राजधानी, भक्तपुरको अधिनमा नरही सिंजा राज्यको अधिनमा रहन गएको थियो । त्यस समय तनहुँ सिंजा राज्यको स्थानीय प्रशासनिक एकाइको रुपमा रहे पनि तनहुँका मगर नाइकेहरुले केन्द्रीय राज्य सिंजालाई सिर्तो (दाल, चामल, घिउ) को रुपमा कर बुझाएर आ-आफ्ना राज्यहरुमा स्वतन्त्र शासन चलाउँदथे । भनिन्छ, त्यतिबेला तनहुँ भेकमा मगरहरुको स-साना राज्य थिए । चौधौं शताब्दीदेखि सिंजा राज्यको प्रशासन मल्लहरुको हातबाट बर्माहरुको हातमा गयो । त्यस पछि सिंजा राज्य टुक्रिने क्रम सुरु भयो । यही टुक्रिने क्रममा तनहुँका मगर राजाहरुले पनि सिंजाको अधिनबाट मुक्त भएर स्वतन्त्र मगर राज्यको स्थापना गरेको देखिन्छ । त्यही समयलाई लक्षित गरेर तनहुँमा दुधे बाराही (मस्टो) वंशका मगरहरुले शासन गर्दथे भन्ने गरेको पाइन्छ (थापा, २०५६, पृ. ७७) । यस सम्बन्धी कुनै ऐतिहासिक दस्तावेज भने प्राप्त हुन सकेको छैन । मुकुन्द सेनले तनहुँलगायत त्यस भेकका गोरखा, धादिङ्ग जितेर पाल्पा राज्य अन्तर्गत पारे पछि तनहुँ फेरि पाल्पा राज्यको स्थानीय एकाइको रुपमा रह्यो । मुकुन्द सेनले आफ्नो जीवनको उत्तरार्धतिर आफूले बिजय गरेका सबै भूभागलाई पाल्पा राज्य अन्तर्गत रहने गरी प्रशासकीय विभाजन गरेर आफ्ना छोरा, नाति, भतिजाहरुलाई विभिन्न क्षेत्रका प्रशासन हेर्ने जिम्मा दिएर पठाए । यही क्रममा तनहुँको प्रशासन हेर्ने जिम्मा उनका साहिँला छोरा भृङ्गी सेनले पाए । बाबु मुकुन्द सेनको मृत्युपछि उनका जेठा छोरा माणिक्य सेन पाल्पा राज्यका राजा भए । दाजुको अधिनमा बस्न नचाहेर भृङ्गी सेनले वि.सं. १६१० मा तनहुँमा स्वतन्त्र राज्य स्थापना गरे (आचार्य, १९९७, पृ. ६०-७९) । त्यसपछि तनहुँ एउटा छुट्टै राज्यको रुपमा अस्तित्वमा आयो ।

तनहुँमा सेनहरुले राज्य गरिरहेको समयमा नेपालमा साना ठुला गरी करिब ५२ ओटा राज्यहरु अस्तित्वमा देखिन्छन् । यी राज्यहरुमा गण्डकी प्रश्रवण क्षेत्रमा २४, कर्णाली प्रश्रवण क्षेत्रमा २२, काठमाडौं उपत्यकामा ३ र पूर्वमा सेनहरुको ३ वटा राज्यहरु थिए । यी राज्यहरुको संख्यामा (विशेषतः गण्डकी प्रश्रवण क्षेत्र र कर्णाली प्रश्रवण क्षेत्र) घटबढ भइनै रहन्थ्यो । त्यसैले विभिन्न विद्वानहरुले दिएको बाइसी चौबीसी राज्यको सूचीको संख्यामा पनि एकरुपता पाइँदैन, जस्तैः Hamilton ले चौबीसी राज्यको संख्या 'बाइस' र बाइसी राज्यहरुको संख्या 'अठार' मात्र दिएका छन् (Hamilton, 1995, P. 57-58) भने Kirkpatriack ले चौबीसी राज्यको संख्या 'तेइस' र बाइसी राज्यको संख्या 'एक्काईस' दिएका छन् (Kirkpatriack, 1969, P. 280) । तनहुँ चौबीसी राज्य मध्यमा शक्तिशाली राज्य मानिन्थ्यो । यो राज्य आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपमा सम्पन्न थियो । तनहुँ राज्यको ग्रीष्मकालीन राजधानी तनहुँसुर र शीतकालीन राजधानी देवघाट गरी दुईवटा राजधानी थियो । पुष, माघ, फाल्गुन तीन महिना, तनहुँका राजाका सम्पूर्ण परिवार देवघाट क्षेत्रमा गएर बस्दथे (Regmi, 1978, P. 5) ।

तनहुँ राज्यको प्रशासनिक पदाधिकारीहरु राजा, रानी, युवराज, काजी, गुरु तथा पुरोहित, ज्योतिषी, दिवान, सरदार, खजाञ्ची, कारीगर, खरिदार, फौजदार, द्वारे/कुभिण्डे आदि थिए । यसका साथै घर पालुवा जनावरहरुको खरिद बिक्री गर्ने र तोपखानाको निरीक्षण गर्ने द्वागोरा पद, जिन्सी वस्तुको हिसाब राख्ने मुन्सी पद पनि तनहुँ राज्यमा रहेको पाइन्छ ।

तनहुँ राज्यको छिमेकी राज्यहरु गोरखा, पाल्पा, लमजुङ, कास्कीका साथै पर्वतसँग पनि राम्रो सम्बन्ध थियो । त्यसो त काठमाडौं उपत्यकाका मल्ल राज्यहरुसँग पनि तनहुँको सम्बन्ध सुमधुर रहेको इतिहासमा पाइन्छ । तनहुँ र गोरखा राज्यबिचको सम्बन्ध सामाजिक एवम् सांस्कृतिक र आर्थिक रुपमा राम्रो रहे पनि राजनैतिक तथा कुटनैतिक सम्बन्ध भने तनावपूर्ण नै थियो । विशेष गरी गोरखाका राजा पृथ्वीनारायण शाह र तनहुँका राजा त्रिविक्रम सेन द्वितीयको समयमा यी दुई राज्य बिच घात प्रतिघात चलिरह्यो । त्यतिबेला गोरखा राज्य गण्डकी भेकका नै शक्तिशाली राज्य बनेर पूर्वी बिजयी अभियानमा अगाडि बढिरहेको थियो । गोरखाको यस बिजयी अभियानलाई रोक्न र गोरखालाई शक्तिहिन बनाउन चौबीसी राज्यहरु लमजुङ, पाल्पा, पर्वत, तनहुँ राज्यहरु कहिले चतुर्पक्षीय गठबन्धन त कहिले पञ्चपक्षीय गठबन्धन गरी गोरखामा आक्रमण गरि रहन्थे । यस गठबन्धनमा तनहुँको भूमिका महत्वपूर्ण रहन्थ्यो । तर चौबीसी गठबन्धनले एक्लो गोरखा राज्यलाई हराउन भने सकेन । तनहुँका राजाहरुले चौबीसीका अन्य राज्यहरुसँग मिलेर गोरखा बिरुद्ध गरेको गतिविधि, इष्टइण्डिया कम्पनीसँग तनहुँका राजाहरुको बढ्दो सामिप्यता आदि कारणले गर्दा तनहुँको अन्तिम राजा हरकुमारदत्त सेनका शासनकाल (वि.सं. २०३९, कार्तिक) मा रण बहादुर शाहकी नायवी ग्रहण गरेकी राजमाता राजेन्द्रलक्ष्मी शाहले तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण गरिन् । त्यसपछि तनहुँको स्वतन्त्र अस्तित्व समाप्त भयो । राज्य नै नरहे पछि प्रशासनिक पदाधिकारीहरु पनि रहने कुरा भएन ।

तनहुँ राज्यमा भृङ्गीसेन देखि हरकुमारदत्त सेनसम्म जम्मा नौ जना राजाहरुले करिब २२९ वर्ष (वि.सं. १६१०-१८३९) सम्म राज्य गरेका थिए। राज्य नरहेपछि तनहुँका राजा हरकुमारदत्त सेन भागेर गई भारतको चम्पारनको रामनगरमा रहेको आफ्नो पुर्ख्यौली जमिन्दारीमा गएर बसे। केही समयपछि उनले रामनगरमा आफ्नो राज्य स्थापना गरी राज्य गर्न थाले।

## अनुसन्धान विधि

तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि त्यहाँको प्रशासनिक व्यवस्था सम्बन्धित रहेको प्रस्तुत लेख ऐतिहासिक अध्ययन हो। त्यसैले यो लेख विश्लेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरी तयार गरिएको छ र यो गुणात्मक अध्ययन ढाँचा हो। यस लेखमा प्राथमिक स्रोत र द्वितीय स्रोत दुईवटा नै प्रयोग गरिएको छ। प्राथमिक स्रोतको रुपमा तनहुँको स्थानीय प्रशासन सम्बन्धी जानकारी दिने विद्यावारिधि तहका शोधप्रबन्धहरु र द्वितीय स्रोतको रुपमा पूर्वप्रकाशित पुस्तक, जर्नल, लेखरचना, पत्रपत्रिका आदिलाई लिइएको छ। यसको प्रस्तुतीकरणमा पनि वर्णनात्मक र विश्लेषणात्मक तरिका अपनाइएको छ। यो लेख एपिए शैलीमा तयार पारिएको छ भने लेखमा पादटिप्पणी र सन्दर्भ सामग्रीलाई गर्भे टिप्पणी (Parenthetical note) मा संकेत गरिएको छ।

### प्रशासनिक विभाजन

पृथ्वीनारायण शाहले नुवाकोट विजय (वि.सं. १८०१) देखि मृत्यु (वि.सं. १८३१) नभए सम्म नेपालको धेरै भूभागहरु विजय गरेर नेपाल अधिराज्यमा मिलाए। उनले वि.सं. १८२७ चैत्रमा काठमाडौंलाई राजधानी बनाए पछि विजय गरिएका भूभागमा सहज रुपमा राज्य सञ्चालनका लागि प्रशासनिक विभाजन गरेका थिए। काठमाडौंलाई केन्द्र वा राजधानी मानेर प्रशासनिक हिसाबबाट पूर्वतर्फ पर्ने क्षेत्रलाई पूर्वी नेपाल र पश्चिमतिरको क्षेत्रलाई पश्चिम नेपाल भनिन थालियो (पंगेनी, २०६४, पृ. ४)। त्यतिबेला गरिएको प्रशासनिक विभाजन अनुसार काठमाडौं उपत्यका क्षेत्र अन्तर्गत कान्तिपुर, भक्तपुर र ललितपुर तीन जिल्ला, पश्चिमी क्षेत्र अन्तर्गत गोरखा, सल्यान र धादिङ, नुवाकोट, लामिडाँडा गरी चार जिल्ला, पूर्वीक्षेत्र अन्तर्गत सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, माझ किरात, पल्लो किरात, मकवानपुर तराई, चौदण्डी तराई (अम्बरपुर) विजयपुर तराई गरी आठ जिल्लामा विभाजन गरिएको थियो। यस विभाजन अनुसार पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरेका थिए (रेग्मी, २०५४, पृ. २०६)। तर केही लेखक अनुसार उनले प्रशासनिक विभाजन गर्दा काठमाडौं उपत्यकालाई राजधानी क्षेत्र र अन्यलाई विस्तृत क्षेत्र (जिल्ला) ५ गरी जम्मा १३ जिल्लामा विभाजन गरेका थिए। जसमा राजधानी क्षेत्र (जिल्ला) बाहेक गोरखा, सल्यान (धादिङ सहित), नुवाकोट, लामीडाँडा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, माझकिरात, पल्लोकिराँत, मकवानपुर (तलहट्टी सहित), चौदण्डी (अम्बरपुरको तलहट्टी समेत) र बिजयपुरको तलहट्टी रहेको थियो। ती जिल्लाहरुमा एक-एक जना प्रशासक अधिकारीहरु रहने व्यवस्था गरिएको थियो (आचार्य, २०२६, पृ. ६६८-६२९)। उनले यसरी प्रशासनिक विभाजन गर्दा गोरखाको पश्चिममा पर्ने तनहुँ, लमजुङ, पाल्पा पर्वत लगायत चौबीसी राज्यहरु स्वतन्त्र अवस्थामा नै थिए। पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा प्रतापसिंह शाहको छोटो राज्यकालमा तनहुँ राज्यको भूभाग चितवन गोरखाली सेनाले नेपाल अधिराज्यमा मिलाए। चितवनअन्तर्गत तनहुँका महत्वपूर्ण गढीहरु सोमेश्वर गढी, कविलासपुर गढी र उपरदाङ गढी पर्दथ्यो। राज्यको सुरक्षाको हिसावले यी गढीहरु महत्वपुर्ण थिए। उब्जनीको हिसाबले र व्यापारिक दृष्टिकोणले चितवन महत्त्वपूर्ण थियो। चितवन नेपाल अधिराज्यमा गाभिएपछि तनहुँ राज्यमा पहाडी भूभाग मात्र बाँकी रह्यो। त्यही सीमित राज्य पनि प्रतापसिंह शाहको मृत्युपछि नाबालक छोरा रणबहादुर शाहको नायवी राजेन्द्र लक्ष्मीले नेपाल अधिराज्यमा एकीकरण गरिन्।

वि.सं. १८३९ कार्तिकमा गोरखाली सेनाले लमजुङ राज्य विजय गरेपछि त्यही राज्यमा अतिथि बनेर बसेका तनहुँका राजा हरकुमारदत्त सेनले राजा विरमर्दन शाहलाई साथै लिएर आफ्नो जमिन्दारी रहेको भारतको रामनगर पुगे। एकीकरणपछि केन्द्रबाट लमजुङ हेर्ने सम्पूर्ण जिम्मेवारी चौतरिया दलमर्दन शाहलाई दिइएको थियो। उनलाई सहयोग गर्न काजी जीव शाहलाई खटाइएको थियो। सरदार पारथ भण्डारीलाई भने त्यस भेकको आन्तरिक प्रशासन हेर्ने जिम्मेवारी दिइएको थियो भन्ने पाइन्छ (अधिकारी, २०६९, पृ. १२५-१२६)। लमजुङमा दलमर्दन शाहलाई पठाएको जस्तै कुनै उच्च अधिकारीलाई प्रशासनिक अधिकार दिएर तनहुँमा पठाएको प्रमाण भेटिएको छैन। सरदार पारथ भण्डारीलाई त्यस भेकको आन्तरिक प्रशासन हेर्ने जिम्मा दिइएको थियो भन्ने कुराको प्रमाणित आधार पनि छैन। त्यसैले तनहुँ राज्य नेपाल अधिराज्यमा समाहित भएपछि त्यहाँका प्रशासन केन्द्रद्वरा नै संचालित हुन्थ्यो र स्थानीय प्रशासन चलाउन राजाका समयका पुराना स्थानीय भारदारहरुलाई नियुक्त गरिएको देखिन्छ।

नेपाल आएका अंग्रेज विद्वान विलियम कर्कप्याट्रिकले नेपालको गण्डकदेखि टिष्टा सम्मको तराई भूभागलाई पाँच जिल्लामा विभाजन भएको उल्लेख गरेका छन् (Kirkpatrick, 1969, P. 40-41)। उनको भनाइ अनुसार तराईका जिल्लाहरुमा - सप्तरी, महोत्तरी, रौटहट, बारा र पर्सा पर्दथे। प्रत्येक जिल्लालाई एक एक जना सुब्बाको अधिनमा राखेर २७ वटा प्रगन्नामा विभाजन गरेर प्रशासन चलाएको थियो। त्यतिबेला नेपालको पश्चिमी पहाडमा बहादुर शाहको विजयी अभियान तिव्र रुपमा अगाडि बढिरहेको

हुँदा भौगोलिक सिमामा स्थिरता थिएन। त्यसैले हुन सक्दछ उनले त्यतातिरको प्रशासनको उल्लेख गरेका छैनन्। त्यस्तै नेपाल-अंग्रेज युद्धताका तयार पारिएको एउटा प्रतिवेदनमा नेपालको पहाडी क्षेत्रमा काठमाडौं उपत्यका लगायत ३९ जिल्ला (उप-जिल्ला) मा विभाजन थियो (भट्टराई, २०६४, पृ. ६७)। यस प्रतिवेदनमा तराईको भूभागलाई समेटेको देखिँदैन। कर्कप्याट्रिकको भनाईलाई मानेको खण्डमा तत्कालीन समयमा नेपालको तराईमा २७ र पहाडमा ३९ गरी जम्मा ६६ वटा जिल्ला तथा उपजिल्ला रहेको देखिन्छ। यसमा तनहुँ छुट्टै जिल्ला वा उपजिल्लाको रुपमा रहेको पाइँदैन।

पृथ्वीनारायण शाहले प्रारम्भ गरेको नेपालको विजय अभियान नेपाल-अंग्रेजयुद्ध हुँदा सम्म पनि जारी नै थियो। बिजयी अभियानले पूर्ण विराम नपाइरहेको अवस्थामा नेपालको वास्तविक भौगोलिक क्षेत्रफल स्थिर थिएन। यहि अस्थरताले गर्दा प्रशासनिक विभाजनमा एकरुपता नहुनु स्वाभाविक नै थियो। नेपाल अंग्रेज युद्धपछि वि.सं १८७२ को सुगौली सन्धिले नेपालको भौगोलिक सिमाङ्कन गरिदियो। नेपालको सिमाना पूर्व मेचीदेखि पश्चिम महाकाली सम्म कायम रह्यो। त्यसपछि गरिएको प्रशासनिक विभाजन अनुसार नेपालको पहाडी क्षेत्रतर्फ पाँचवटा र तराई क्षेत्रतर्फ पाँचवटा गरी जम्मा १० वटा जिल्लाको अस्तित्व रहन गयो। यस बाहेक केन्द्र (काठमाडौं उपत्यका र त्यसको आसपास) को छुट्टै स्थान थियो (बैद्य र मानन्धर, २०५३, पृ. ४३)। तराईको पाँच जिल्लाहरुमा - बारा, पर्सा, सप्तरी, महोत्तरी र रौटहट थिए। यी जिल्लाहरु शाहकाल भरी नै यथावत रहे। पहाडतर्फको पाँच जिल्लाहरुमा, पूर्वी पहाड तर्फको धनकुटा र चैनपुर दुई वटा जिल्ला र पश्चिमी पहाडतर्फ डोटी, पोखरा र पाल्पा ३ वटा जिल्ला गरी जम्मा पाँच वटा जिल्लामा विभाजित थिए। प्रस्तुत लेखमा पूर्वी पहाडका जिल्लाहरु भन्दा पनि पश्चिमी पहाडका जिल्लाहरुको चर्चा गरिएको छ। पश्चिमी पहाडको तीन जिल्लाहरुमा पहिलो महाकाली र भेरी नदी बीचको क्षेत्रलाई एउटा जिल्ला कायम गरेर त्यसको प्रशासनिक केन्द्र डोटी राखिएको थियो। दोश्रो भेरी नदी देखि पूर्व केन्द्रीय प्रशासन सम्मको जिल्ला कायम गरी त्यसको प्रशासनिक केन्द्र पोखरा रहेको थियो भने तेश्रो दक्षिण-पश्चिम क्षेत्रको सम्पूर्ण भूभागको केन्द्र पाल्पा राखिएको थियो (बैद्य र मानन्धर, २०५३, पृ. ४३)। तनहुँको केन्द्र पोखरा थियो। भेरी नदीदेखि केन्द्रसम्मको भूभागलाई एउटा जिल्ला मान्दा तनहुँ पनि त्यस अन्तर्गत पर्न गएको हो। तत्कालीन नेपालमा केन्द्रीय र स्थानीय प्रशासन छुट्ट्याइएको हुन्थ्यो। स्थानीय प्रशासन पनि पहाड र तराईमा फरक फरक थियो। पहाडमा स्थानीय प्रशासन सञ्चालन गर्न वा राजश्व सङ्कलन गर्न सहयोग होस् भनेर गाउँ इलाकालाई दरा वा गर्खा, थुम र मौजामा विभाजन गरिएको हुन्थ्यो। तनहुँमा दरा वा गर्खा नभई थुम र गाउँमा विभाजन गरिएको पाइन्छ। सन् १८९७ मा लेखिएको हड्सनको एक दस्तावेजमा बन्दीपुर सदरमुकाम रहेको पश्चिम ३ नं. तहसिल अन्तर्गत तनहुँ, कास्की, रिसिङ, घिरिङ र ढोर गरी ५ ओटा जिल्लाहरु थिए। यी ५ जिल्लाहरुमा ७७ वटा थुमहरु थिए। यी मध्ये तनहुँ जिल्लामा २२ थुमहरु थिए। ती थुमहरु छडासा, नामरु, कलुङ, क्यामिन, महिवल, छाङ, बज्रकोट, थप्राक, बन्दीपुर, तनहुँसुर, मिर लुङ, जामरुक, पुरकोट, दोरदोर, चोक, दभुं, गलेखाम, नुमाचोक, नपाङ, खिच्याङ, कोटा, खेरा, पाल्दु, दुरुचङ थिए (भट्टराई, २०६१, पृ. ३२७)। रिसिङमा काहुँ, कोटथर र बाह्रडाँडा गरी तीन थुमहरु थिए। घिरिङ थुम र ढोर थुम भने एउटा-एउटा मात्रै थियो। कास्की जिल्लामा ५० वटा थुमहरु थिए (भट्टराई, २०६१, पृ. ३२८)। यी थुमहरु पनि गाउँमा विभाजन हुन्थे। वर्तमान समयमा कास्की बाहेकका चार जिल्लाहरु (तनहुँ, रिसिङ, घिरिङ र ढोर) तनहुँ जिल्ला अन्तर्गत पर्दछन्।

राणा कालमा आएर थुमहरु मौजामा विभाजन हुने गरेको पाइन्छ। राणाकालको अन्तिम समयतिर तनहुँमा ३० वटा थुम रहेको र ती मध्येको तनहुँसुर थुमअन्तर्गत २५ वटा मौजा रहेको देखिन्छ। त्यसैगरी बन्दिपुर थुममा २५ ओटा र गजरकोट थुममा एउटा मात्र मौजा देखिन्छ (मालपोत कार्यालय, दमौली, तनहुँ)।

**जिल्ला प्रशासक**

पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरेपछि प्रत्येक जिल्लामा एक-एक जना मुख्य प्रशासकको रुपमा 'अमाली' नियुक्त गरेका थिए। अमालीको काममा सहयोग गर्ने 'सुब्बा' र 'सरदार' नियुक्त हुन्थे। भिमसेन थापाको मुख्तियारी रहेको समयमा प्रत्येक जिल्लामा शासनका निमित्त जिल्ला मुख्तियार नियुक्त गरिन्थे (नेपाली, २०५६ः १३७)। भीमसेन थापाले वि.सं. १८८८ मा माथवरसिंह थापालाई सल्यान र प्यूठानको मुख्तियार बनाएर पठाएका थिए (नरहरिनाथ, २०१२, पृ. २२)। त्यस्तै कतिपय जिल्लाहरुमा प्रशासक बनाएर सुब्बालाई पठाएको र कतिपय जिल्लाहरुमा चौतरिया, सरदार, काजी, लेफटेन आदिलाई पनि जिल्ला प्रशासकको रुपमा नियुक्ति गरिएको पाइन्छ (बैद्य र मानन्धर, २०५३, पृ. ५०)। जस्तै डोटीमा स्थानीय राजा रजौटाको शक्ति खोसिएपछि जिल्लाका हाकिम सुब्बालाई बनाइएको थियो। सुब्बाले जनतालाई दुःख दिएको उजुरी परेपछि सुब्बालाई हटाएर सुवेदारलाई प्रशासनिक दायित्व सुम्पेको थियो (भट्टराई, २०६४, पृ. ७०)। अठारौं शताब्दीको उत्तरार्धमा तनहुँ, कास्की, लमजुङ र स्याङ्जा सहितको काली गण्डकी, मर्स्याङ्दी क्षेत्रमा काजी दामोदर पाण्डेलाई प्रशासनिक एवं सैनिक नेतृत्व दिएको पाइएको छ (नरहरिनाथ, २०१२, पृ. ३५)। यतिबेला पनि तनहुँ एउटा जिल्लाको रुपमा रहेको देखिन्छ। तत्कालीन समयमा जिल्ला प्रशासनको मुख्य उद्देश्य शान्ति सुरक्षाको व्यवस्था गर्नु र सकेसम्म बढी राजश्व सङ्

कलन गर्नु नै थियो । कर्कपेट्रिकका अनुसार सरकारले कर सङ्कलन गर्ने अधिकारीको रुपमा सुब्बालाई नियुक्त गर्दथे भनिएको पाइन्छ (Kirkpatrick, 1969, P. 202) । यहि पद पछि गएर जिल्ला प्रशासनमा महत्वपूर्ण भूमिका रहन थाल्यो । सामान्यतया यस्ता हाकिमहरुको कार्य अवधि ३ वर्षदेखि ७ वर्षसम्म रहने गर्दथ्यो । सरकारले चाहेको अनुसारको राजश्व सङ्कलन गर्न नसक्ने अधिकारीहरु भने वार्षिक पजनीमा खोसुवामा पर्दथे (भट्टराई, २०६४, पृ. ७४) । सरकारबाट नै प्रत्येक वर्ष निश्चित रकम राजश्व सङ्कलन गर्ने निर्देशन दिइएको हुँदा जिल्लाका हाकिमहरुले बढी भन्दा बढी राजश्व सङ्कलन गर्न तिर लाग्दथे ।

**तनहुँमा रहेका स्थानीय पदाधिकारीहरु**

शाहकालीन नेपालको स्थानीय प्रशासनको काम, कर्तव्य र अधिकार स्वरुप पहाड तथा तराईमा एकै किसिमको थिएन । पहाडमा स्थानीय प्रशासन सञ्चालन गर्न तथा राजस्व सङ्कलन गर्नको लागि गर्खा, थुम र गाउँमा विभाजन गरिएको हुन्थ्यो । यी प्रशासनिक क्षेत्रमा अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, उमराव, जेठाबुढा, आदि पदाधिकारीहरु नियुक्त गरिन्थे (भट्टराई, २०६१, पृ. ८४) । तनहुँमा दरा वा गर्खा नभई थुम र मौजामा गाउँ इलाकालाई विभाजन गरेको देखिन्छ भने अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा पदका पदाधिकारीहरु तालुकदारको रुपमा रहेको पाइन्छ ।

**अमाली**

'अमाली' पदको सृजना शाहकालमा भएको थियो । शाहकालको सुरु तिर प्रमुख जिल्लाहरुमा अमाली नै प्रशासक हुन्थे भने शाहकालको पछिल्लो समयतिर अमाली निश्चित क्षेत्र वा इलाकाको राजश्व संकलन गर्ने एवं न्याय सम्पादनमा नै सीमित रहन पुग्यो (भट्टराई, २०६४, पृ. ९६) । अमालीको नियुक्ति एक वर्षको हुन्थ्यो र हरेक वर्ष पजनी गरिन्थ्यो । अमालीले प्रत्येक वर्षको अन्त्यमा हिसाब बझाउनु पर्थ्यो । तनहुँसुरमा पनि अमाली पद रहेको प्रमाण वि.सं. १८७४ को इजराबाट देखिन्छ। वि.सं १८७४ सालमा तनहुँसुरको अमाली हरिनर सिंह नेवार देखिन्छन् । उनको नाममा वि.सं. १८७४ साल भाद्र सुदी ११ रोज १ मा कपास भन्सार जगातको एक वर्षको लागि इजारा दिएको देखिन्छ । उक्त इजारामा ...कपास भन्सार जगात दलाल यकहटि सम्वत १८७४ साल जेष्ठ वदी ९ रोज सौ लगाइत सम्वत १८७५ साल जेष्ठ बढी ९ रोज सौ लगाएत सम्वत् १८७५ साल जेष्ठ वदी ८ रोज तक् वेकसाला ईजारा गरिबक्स्यौं अघिको रितसित जगातभन्सार दलाल बमोजिम तपसिल लिन देउ भोटबाट नेपाल आउन्या नेपालबाट पर्वत भोट जान्या कपडा भारि १ के ॥ः रुवा धागो भारि १ के ॥ भैसि गोठा १ के ! किनारा भारि १ कै क', तावो जस्ता रागा भारि १ के ॥ येति भन्सार जगात मिचि ल्याउँन्या कन भन्सारिले मालषोसि षानु माल माफीक डंक गर्नु औ प्रोहीत चौतिरिया गोतिया काजी, सर्दार सुब्बा सुवेदार, जमादार, सिपाही वोसि छतिसै जात गैह्र के विना मोहरले आउन नदिनु कसैले बलात्कार गऱ्या अमालिदारले गोहार दिनु न दिया अप्सरिया हौला ....(पंगेनी, २०६५, पृ. ६२) ।

तत्कालीन समयमा सामान्यतया राजश्व सङ्कलनका दुई ओटा प्रणाली थिए - इजारा र अमानत प्रथा । इजारा प्रथा अन्तर्गत जिल्लाका राजश्व सङ्कलन गर्ने कार्यको जिम्मा ठेक्कामा दिइन्थ्यो भने अमानत प्रथा अन्तर्गत जिल्लाका हाकिम आफैले स्थानीय अधिकारीहरु मार्फत् कर सङ्कलन गर्दथे (पंगेनी, २०६५, पृ. ८२) । इजारा प्रथाबाट राजश्व उठाउने सम्बन्धमा तनहुँसुरका अमालिदारहरुको नाममा जारी गरिएको यस पत्रले धेरै जानकारी दिन्छ । भोटबाट नेपाल आउने र नेपालबाट पर्वत हुँदै भोट जाने कपास, कपडा, भैसी, किरानामाल, ताँबो, जस्ता, रागा (राँग, राँङ एक किसिमको धातु) मा जगात महशुल लिने गरिन्थ्यो । यस्तो जगात तथा भन्सार महशुल उठाउनका लागि कसैलाई निश्चित समयका लागि इजारा दिने गरिन्थ्यो । यसरी इजारा उठाउने व्यक्तिलाई इजारादार भनिन्थ्यो । यिनलाई पनि केन्द्रबाट निकै अधिकार प्राप्त हुन्थ्यो । यदि इजारा तिर्ने क्रममा कुनै व्यक्तिको इजारादारसँग झगडा पऱ्यो भने सम्बन्धित जिल्लाका अमालीदारले सहयोग गर्नु, यदि नगरेको खण्डमा त्यस्तालाई राज्यबाट कारवाही हुनेछ भनेर अमालीदारलाई चेतावनी नै दिइएको हुन्थ्यो । राज्यका जुनसुकै उपल्लो ओहोदाका पदाधिकारीहरुले पनि सरकारको अनुमती विना कहिँ कतैबाट मालसामान ल्याएमा तोकिएको जगात वा भन्सार कर तिर्न पर्दथ्यो । यदि नतिरेको खण्डमा इजारादारले सो सामान जफत गर्न पाउँदथ्यो ।

**जिम्मावाल**

स्थानीय तहमा तालुकदारको रुपमा जिम्मावालहरु रहन्थे । जिम्मवालको नियुक्ति राजाबाट नै हुन्थ्यो । तनहुँमा विभिन्न थुमहरु थिए । थुमलाई पनि मौजामा विभाजन गरिएको थियो । प्रत्येक थुममा एक जना जिम्मावाल वा मुखिया नियुक्त गरिएको हुन्थ्यो । जिम्मावालको मुख्य काम आफ्नो क्षेत्रबाट राजश्व असुल गर्नु रहन्थ्यो । यसरी उठाएका राजस्वको हिसाब किताब आफैले वा मुखिया मार्फत जिल्लाको हाकिमलाई बुझाउनु पर्दथ्यो (भट्टराई, २०६१, पृ. ८४) । जिम्मावालले उठाएको राजस्व सैनिक पल्टन रहेको जिल्लामा सैनिक पल्टनलाई नै बुझाउनु पर्दथ्यो । तनहुँको बन्दीपुरमा सैनिक पल्टन रहेकोले जिम्मावालले त्यहाँ नै राजस्व बुझाउने गरेको देखिन्छ। सामान्यतया जिम्मावालको कार्यकाल ५ वर्षको हुन्थ्यो । जिम्मावाललाई स्थानीय स्तरमा केही न्यायिक अधिकार पनि दिइएको हुन्थ्यो ।

**मुखिया**

पहाडी जिल्लाहरुमा जिम्मावाल जस्तै मुखिया पनि स्थानीय प्रशासकको रुपमा नियुक्त हुन्थे । एउटा थुममा एक जना मुखिया रहन्थे । जिम्मावालको जस्तै मुखियाको नियुक्ति पनि राजाबाट नै हुने व्यवस्था थियो । एउटा दस्तावेजका अनुसार "स्वामी (राजा) ले द्वारेका साथै जिम्मावाल र मुखियाको नियुक्ति गर्न सक्नेछ ... भनि लेखिएको छ (Regmi, 1971, P. 66) । आफ्नो क्षेत्रबाट राजश्व उठाउनु, आफ्नो क्षेत्रमा रहेको खरखजानाको संरक्षण गर्नु, बाँझो खेत बिह्राएर त्यसको आम्दानी जिल्लाको हाकिमलाई बुझाउनु, गाउँ स्तरमा हुने सानातिना मुद्दा हेर्नु, सेनालाई रसदपानी उपलब्ध गराउनु मुखियाका मुख्य काम अन्तर्गत पर्दथ्यो (भट्टराई, २०६४, पृ. ३०) । मुखिया गाउँस्तरको वरिष्ठ पद मानिन्थ्यो । यो पद वंशानुगत हुन्थ्यो ।

तनहुँमा सेन राजाका पालामा स्थानीयवासी दिलराज थापा मगर मुखिया पदमा नियुक्त भएका थिए (थापा (श्रेष्ठ), २०७८, पृ. १३६) । यस आधारमा तनहुँमा सेनहरुको शासनकाल देखि नै स्थानीय थापा मगरहरु मुखिया पदमा रहेको मानिन्छ । नेपाल एकीकरण भइसकेपछि पनि तिनै दिलराम थापाका सन्ततीले मुखिया पदमा रहेर रैती कजाएर रजाई गरेको पाइन्छ । राणा शासनकालमा पनि यही वंशका सन्तवीर थापा मुखिया थिए । उनका छोरा श्रीकृष्ण थापालाई जिम्मावाल र मुखिया भनी सम्बोधन गरेको कागज पत्रहरु प्राप्त छन् (श्रेष्ठ) २०७८, पृ. १३६) । यसको आधारमा तनहुँमा जिम्मावाल र मुखिया पद एकै व्यक्तिलाई दिइने गरेको पनि बुझिन्छ ।

राणा कालको अन्त्यतिर तनहुँ इलाकामा ३० ओटा थुमहरु थिए । प्रत्येक थुममा एक-एक जना मुखिया रहने र सबै मुखियाले मान्ने एकजना महामुखिया नियुक्ति हुन्थ्यो । स्थानीय तहमा थरी र मुखियाले मिलाउन नसकेको झगडा महामुखियाले मिलाउँदथे (थापा (श्रेष्ठ), २०७८, पृ. १३६) । महामुखियाको काम आफ्नो इलाका भरीको बाटो बनाउने खानेपानीको व्यवस्था गर्ने, ठाँटी, पाटी पौवा भत्केबिग्रेमा मर्मत सम्भार गर्ने, आफ्नो इलाकाको थरी मुखिया सबैलाई भेला गरी आवश्यक सरसल्लाह गर्ने आदि थियो (थापा (श्रेष्ठ), २०७८, पृ. १३६) । तनहुँमा मुखियालाई खान्कीको रुपमा जग्गा जमिन दिएको देखिन्छ । मुखियाले रैतीलाई झारामा लगाई आफूले खेतीपाती लगाउने चलन पछिसम्म रहेको पाइन्छ ।

**द्वारे**

स्थानीय प्रशासनमा द्वारे परम्परागत पद थियो । लिच्छवीकालीन 'दौवारिका' बाट अपभ्रंश भएर द्वारे शब्द बनेको हो । लिच्छवीकालीन शासन व्यवस्थामा राजा र स्थानीय जनता बीच सम्बन्ध जोड्ने कार्य दौवारिकाको थियो । यिनीहरु राजदरबारका विभिन्न द्वारेमा रहने प्रमुख कर्मचारी हुन्थे (भट्टराई, २०६१, पृ. ९७) । सेनकालीन तनहुँमा 'द्वारे' नामका स्थानीय पदाधिकारीहरु रहेको पाइन्छ । तनहुँका सेन राजाहरुले खवास थरका व्यक्तिलाई द्वारे पदमा राखेको पाइन्छ । तनहुँ नेपाल अधिराज्यमा एकीकरण भएपछि पनि द्वारे पद यथावत रहेको देखिन्छ । राणाकालमा त द्वारेको काम जागिरदारको जागिर भूमिको तिरो उठाएर सरकारलाई बुझाउने थियो ।

**थरी**

जिम्मावाल, मुखिया जस्तै थरी पनि स्थानीय पदाधिकारी थिए । थरी गाउँका मुखिया भन्दा तल्लो दर्जाको पुरानो पद हो (पराजुली (सम्पा.), २०७२, पृ. ५९४) । राजश्व सङ्कलन गर्ने र सानातिना मुद्दामामिलाको छिनोफानो गर्ने काम थरीले गाउँ प्रमुखको रुपमा गर्दथे । तत्कालीन समयमा प्रत्येक थुममा एक जना मुखिया र एकजना थरी पदका अधिकारी रहन्थे । यिनै मुखिया र थरीले गाउँघरमा हुने सानातिना झैं झगडाहरु मिलाउँदथे ।

तनहुँसुर लालबिहारमा कामकाज गर्ने डिठ्ठा कपिलमणि उपाध्यायले वि.सं. १९६३ वैशाखमा तनहुँसुर हटियामा बस्ने थरी हिरालाल श्रेष्ठलाई लेखेको एउटा पुर्जीमा निज हिरालाल श्रेष्ठलाई पहिलेदेखि गर्दै आएको थरीको काम १५ मुरी खेतको वाली मो.रु. ५।२५ र पल्याङखोलाको १।२० मध्येको धान मुरी १० को मो.रु. १० को साविकको खाई आएको काम गरी खानु भनिएको छ (थापा (श्रेष्ठ), २०७८, पृ. १३७) । यसबाट तनहुँमा सेनकालदेखि नै थरी पद रहेको र थरीलाई काम गरे वापत आयस्त रकम दिइन्थ्यो भन्ने बुझिन्छ । उक्त हटियामा थरी बस्ने टोललाई त्यहाँ नेवारी बस्ती रहँदासम्म पनि थरीटोल भनेर चिनिन्थ्यो ।

**जेठाबुढा**

गाउँको जेठो बाठो र अनुभवी व्यक्तिलाई 'जेठाबुढा' पदमा चयन गरिन्थ्यो । तनहुँमा सेन राजाको समयमा यो पद भएको भेटिँदैन । शाहकालमा भने जेठाबुढा पद रहेको पाइन्छ । त्यस समय केन्द्रीय भारदारीमा समेत जेठाबुढाको महत्वपूर्ण स्थान थियो (Kirkpatrick, 1969, P. 209) । राणाकालमा भने स्थानीय तहमा यो महत्वपूर्ण पदको रुपमा रहेको पाइन्छ ।

तनहुँसुरका जेठाबुढा चन्द्रबहादुर थापालाई कर्णेल शिवशंकर उपाध्यायले वि.सं १९३४ जेष्ठमा लेखेको एउटा पत्रमा कर्णेल शिवशंकर उपाध्यायले जेठाबुढा चन्द्रबीर थापालाई खान्कीको रुपमा कलेस्ती नजिक रहेको डिही खेतको सेर्मा उठाएर खाँउ भनि अनुमती दिएको छ (थापा (श्रेष्ठ), २०७८, पृ. १३७) । निज जेठाबुढाले आफूले सो जग्गाको खान्की उठाएर खान पाउँ भनी

दिएको निवेदनमा कर्णेललले अनुमति दिएको हो । यसबाट जेठा बुढालाई छुट्टै खान्कीको व्यवस्था नभएको बुझिन्छ ।

## निष्कर्ष

राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँ एउटा स्थानीय एकाइका रुपमा रह्यो । त्यहाँको प्रशासन केन्द्रको नीति नियमबाट निर्देशित केन्द्रीय र स्थानीय प्रशासकहरुद्वारा संचालन हुन थाल्यो । तनहुँमा प्रशासन चलाउनको लागि काजी, चौतारिया, सुब्बा, सरदार, लेफटेन जस्ता महत्त्वपूर्ण पदका कर्मचारीहरुको नियुक्त नभएकोले प्रशासनिक दृष्टिबाट तनहुँ महत्वपूर्ण जिल्लाको रुपमा नरहेको बुझिन्छ । त्यहाँका स्थानीय तालुकदारहरु अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा, आदि थिए । उनीहरुको काम जनताको सेवा गरी उनीहरुको वृद्धिविकास गर्न' भन्दा पनि रैतीबाट जति सक्दो बढी राजश्व उठाएर केन्द्रमा बुझाउने र स्थानीय तहका सानातिना मुद्दामामिलाको छिनोफानो गर्ने थियो । केन्द्रबाट त्यति चासो नदिएकाले तनहुँको प्रशासनिक अवस्था भने ओझेल परेको देखिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, बमबहादुर (२०६८). *लमजुङको संक्षिप्त इतिहास.* मोलुम फाउन्डेसन ।

अधिकारी, सूर्यमणी (२०४३). *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

आचार्य, बाबुराम (२०६३)। *नेपालको संक्षिप्त वृत्तान्त,* श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम (१९९७). *तनहुँको सेनवंश.भानुभक्त स्मारक ग्रन्थ (६०-७९).* नेपाल साहित्य सम्मेलन ।

आचार्य, बाबुराम (२०२६). श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (इ.सं. १७२३-७५). (भाग-४). श्री ५ महाराजधिराजको प्रमुख संवाद सचिवालय ।

आचार्य, यज्ञनाथ (२०३९). *नेपालको इतिहास* (१७९९-२००७). कुञ्जन आचार्य ।

घिमिरे, विष्णुप्रसाद (२०५६).*पाल्पा राज्यको इतिहास.* (भाग-२). चितवन अध्ययन केन्द्र ।

थापा, धर्मराज (२०५६). *तनहुँ फूलबारी.* उदयबहादुर गुरुङ्ग ।

थापा (श्रेष्ठ), तिलु (२०७८). *तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३).* [त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय], डीनको कार्यालय ।

नेपाल सरकार (२०४७). भूमापन शाखा. तनहुँ जिल्ला, टपोग्राफी नक्सा. भूमापन महाशाखा ।

नेपाल सरकार (२०७५). गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण तनहुँ. राष्ट्रिय योजना आयोग तथ्याङ्क विभाग. तथ्याङ्क कार्यालय ।

नेपाली, चित्तरञ्जन (२०५६). *जनरल भीमसेन थापा र तत्कालीन नेपाल.* (चौथो संस्करण). रत्नपुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (सम्पा.) (२०७२). *नेपाली बृहत शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पंगेनी, भवेश्वर (२०६४). *नेपालको प्रशासनिक इतिहास* (वि.सं. १८२५-१९०३). (भाग-१). विद्यार्थी पुस्तक भण्डार ।

पंगेनी, भवेश्वर (२०६५). *नेपालको प्रशासनिक इतिहास* (भाग-२). पाल्पा गौडा प्रशासनको दुई दशक (वि.सं. १८६१-१८८१), श्रद्धा, स्रष्टा प्रकाशन ।

पुराना अभिलेख तथा मिसिलहरु. मालपोत कार्यालय. कोठा नं. ३, दमौली, तनहुँ ।

भट्टराई, घनश्याम (२०६१). *नेपालको स्थानीय प्रशासनमा स्थानीय पदाधिकारीहरुको भूमिका* (इ.सं. १७६८-१९८१). [त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय], डीनको कार्यालय ।

भट्टराई, घनश्याम (२०६५). *नेपालको स्थानीय प्रशासनको इतिहास* (वि.सं.१७६२-१९५१). एड्रोयट पब्लिशर्स ।

योगी, नरहरीनाथ (सम्पा.) (२०१२), *इतिहास प्रकाश. अङ्क १.* इतिहास प्रकाश मण्डल ।

रेग्मी, जगदिशचन्द्र (२०५४). *नेपालको वैधानिक परम्परा (द्वितीय संस्करण).* तन्नेरी प्रकाशन ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (२०५३). *नेपालको प्रशासनिक इतिहास* (सन् १७६८-१९५१). नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्री ५ को सरकार (२०३१). *मेचीदेखि महाकाली* (भाग-३). श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।

Kirkpatrick, W. (1969). *An Account of the Kingdom of Nepal.* Manjushri Publishig House.

Regmi, M. C. (ed.) (1971). *Regmi Reshearch Sereis.* 3 (3), 66-67.

Regmi, M. C. (ed.) (1978). *Regmi Reshearch Sereis.* 10 (5), 20-25.